# आन्तरिक मूल्याङ्कनमा परीक्षणका प्रमुख गुणप्रति सरोकारवालाको दृष्टिकोण

*राजेन्द्र खनाल**


### सार

*त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र स्नातकोत्तर तहको सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनको विश्वसनीयता तथा वैधताप्रति सरोकारवालाको दृष्टिकोणलाई यस लेखमा प्रस्तुत गरिएको छ । यो लेख क्षेत्रीय सर्वेक्षण विधिमा आधारित छ भने यसमा उद्देश्यमूलक नमुना छनोट प्रक्रिया अपनाइएको छ । यसमा शिक्षाशास्त्र, स्नातकोत्तर तहमा अध्ययनरत १०० जना विद्यार्थी तथा उक्त तहमा अध्यापनरत २५ जना शिक्षकलाई नमुनाका रूपमा लिई उनीहरूको अभिमतको विश्लेषण गरिएको छ । आन्तरिक मूल्याङ्कनबाट प्राप्त भएको अङ्क विश्वसनीय छ भन्ने कथनमा ४२ प्रतिशत शिक्षार्थी र ४८ प्रतिशत शिक्षक मात्र सकारात्मक देखिएकाले सन्तुष्टिको स्तर कमजोर रहेको देखिन्छ । आन्तरिक मूल्याङ्कन प्रक्रियाका उकरणमा सबै किसिमका वैधता रहेका छन् भन्ने कथनमा ३८ प्रतिशत शिक्षार्थी र ३६ प्रतिशत शिक्षक मात्र सकारात्मक देखिएकाले यस सूचकमा दुवै वर्गको सन्तुष्टिको स्तर अत्यन्त कमजोर रहेको देखिन्छ । यसबाट आन्तरिक मूल्याङ्कनमा विश्वसनीयता तथा वैधता नरहेको निष्कर्ष प्राप्त भएको छ ।*


**शब्दकुन्जी :** आन्तरिक मूल्याङ्कन, सरोकारवाला, अभिमत, विश्वसनीयता, वैधता ।

## पृष्ठभूमि

आन्तरिक मूल्याङ्कन सेमेस्टर प्रणालीको अनिवार्य सर्त मानिन्छ । यसले सिकारू तथा शिक्षक दुवैलाई सिकाइप्रति उत्प्रेरित गर्दछ । यसको सक्षममता विकास एवम् समस्याको निराकरणका लागि पनि उच्च महत्ता रहेकै हुन्छ । हुन त यस्तो मूल्याङ्कन सेमेस्टरमा अन्तिम मूल्याङ्कनको अनिवार्य हिस्सासमेत बनेको हुन्छ । कक्षा प्रगति परीक्षणबाट सिकारूका सिकाइगत प्रगति, शिक्षणको प्रभावकारिता पहिचान गर्न सकिन्छ भने पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ सिकारूलाई परिलक्षित गर्न सकिन्छ । आन्तरिक मूल्याङ्कनले सिकारूलाई सिकाइप्रति थप उत्प्रेरित गर्दछ (खनिया, २०१३, पृ. १११) । आन्तरिक मूल्याङ्कन एउटा सामाजिक सिकाइको परिवेश हो जहाँ अन्तर्क्रिया र सञ्चारको अभिवृद्धि हुन्छ, उद्देश्य प्राप्तिमा छलफल हुन्छ र शिक्षार्थी शिक्षार्थीबिच एवम् शिक्षक शिक्षार्थीबिच पृष्ठपोषण आदानप्रदान हुन्छ । तसर्थ यो शिक्षण सिकाइको सहकार्यात्मक सन्दर्भ हो (फल्चर एन्ड

* उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

डेभिड्सन, २०११, पृ. २९) । निर्माणात्मक मूल्याङ्कनबाट शैक्षणिक एकाइमा रहेका सिकाइजनित कठिनाइहरू पहिचान गर्न सकिन्छ (पाठक, २०१२, पृ. २९) । उपर्युक्त मान्यताले पनि आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता प्रस्ट्याउँछन् ।

सेमेस्टर प्रणाली समकालीन सन्दर्भमा शैक्षिक क्षेत्रमा विश्वका अधिकांश विश्वविद्यालयमा प्रचलित सफल तथा विद्यार्थीमैत्री कार्यक्रम हो । कुनै विश्वविद्यालयको कुनै तहको एउटा कार्यक्रम वा सत्र छ महिनामा सम्पन्न गर्नु नै सेमेस्टर प्रणालीको मूल ध्येय हो । विद्यार्थीमा अपेक्षित योग्यता तथा क्षमताको सार्थक विकासका निम्ति समेस्टरको उच्च महत्ता रहन्छ । अपेक्षित क्षमता विकास तथा मूल्याङ्कनका निम्ति आन्तरिक मूल्याङ्कनको अहम् भूमिका हुने हुँदा साधारणतया सम्पूर्ण मूल्याङ्कनभारको ४० प्रतिशत भार आन्तरिक मूल्याङ्कनका लागि छुट्ट्याइएको हुन्छ र सोहीबमोजिम सञ्चालन गरिन्छ । त्रिभुवन विश्वविद्यालयले पनि यसैअनुसारको आन्तरिक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरेको पनि छ ।

सेमेस्टर प्रणालीअन्तर्गत मूल रूपमा आन्तरिक र बाह्य गरी दुई प्रकारको मूल्याङ्कन प्रक्रिया अपाइन्छ । त्रिभुवन विश्वविद्यालयले सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कनका लागि ४०% अङ्क तथा बाह्य मूल्याङ्कन ६०% अङ्क निर्धारण गरिएको हुन्छ । त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले सञ्चालन गरेको स्नातकोत्तर तहको आन्तरिक मूल्याङ्कनको ढाँचामा आन्तरिक मूल्याङ्कन का लागि ४०% अङ्कभार छुट्याइएको छ : उपस्थितिका निम्ति – ५ अङ्क निर्धारण गरिएको छ भने शिक्षण सिकाइमा सहभागिता – ५ अङ्क छुट्ट्याइएको छ । पहिलो आन्तरिक परीक्षाको प्राप्ताङ्कलाई – १० अङ्क, दोस्रो आन्तरिक परीक्षालाई – १० अङ्क तथा तेस्रो आन्तरिक परीक्षा – १० अङ्क गरी जम्मा ३० अङ्कको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा एवम् परियोजना कार्यबाट मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ (शिक्षाशास्त्र सङ्काय, २०७२) ।

उक्त पाठ्यक्रमले आन्तरिक परीक्षाका लागि विषय शिक्षकले निम्नलिखित कार्यहरू गर्न लगाउने निर्देश गरेको छ : अध्ययनपत्र लेखन, पुस्तक समीक्षा, लेख पुनरावलोकन, कुनै विषय शीर्षक केन्द्रित अध्ययन पत्र तयारी, आन्तरिक परीक्षा, एकाइ परीक्षा, ज्ञान/प्रतिभा परीक्षण आदि । दोस्रो आन्तरिक परीक्षाका लागि विषय शिक्षकले निम्नलिखित कार्यहरू गर्न लगाउने प्रावधान रहेका छन् : परियोजना कार्य, अवस्था/घटना अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन, द्वितीयक स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन, पूर्वाध्ययन, पुनरवलोकन र अभिलेखीकरण आदि । यसका साथै निम्नानुसारका थप कार्यकलापमा सहभागी बनाई मूल्याङ्कन गर्नसकिने व्यवस्था पनि गरेको छ । पहिलो र दोस्रो आन्तरिक परीक्षामा निम्न किसिमका कार्यहरू समावेश गर्न सकिने : पहिलो आन्तरिक परीक्षामा गृहकार्य/पुस्तकालय कार्य/पुस्तक वा लेख पुनरवलोकन + आन्तरिक सुधार परीक्षा लिनुपर्ने, दोस्रो आन्तरिक परीक्षामा परियोजना कार्य/अध्ययनपत्र लेखनका साथै पाठ्यक्रमको स्वरूपअनुसार आन्तरिक सुधार परीक्षा लिनुपर्ने व्यवस्था गरेको छ भने आन्तरिक

परीक्षाका अन्य विविध प्रक्रिया र विधि तथा मूल्याङ्कन सम्बन्धमा सम्बन्धित विभागले तय गरेअनुसार हुने छ भनिएको छ । त्रिभुवन विश्वद्यिालयअन्तर्गतका सबै विभागहरूमा उल्लिखित तरिकाहरूको उपयोगबाट नै आन्तरिक मूल्याङ्कन गरी विद्यार्थीहरूको उपलब्धि निर्धारण गरिएको हुन्छ भन्ने विश्वास गरिन्छ । यसरी उपयोगमा ल्याइएका उपकरणका आधारमा निर्धारण गरिएका उपलब्धिप्रति विद्यार्थीको दृष्टिकोण तथा प्रतिबिम्बनको विश्लेषण समकालीन सन्दर्भमा खोज तथा विश्लेषणको विषय बनेको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मूल उद्देश्य त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त स्नातकोत्तर तहमा सञ्चालित सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनको विश्वसनीयता तथा वैधताप्रति शिक्षक र शिक्षार्थीको अभिमतको विश्लेषण गर्नु रहेको छ ।

## अध्ययनविधि र प्रक्रिया

प्रस्तुत अध्ययन परिमाणात्मक एवम् गुणात्मक ढाँचाको रहेको छ अर्थात् यो मिश्रित प्रकृतिको अनुसन्धान हो । मूलतः विश्लेषणात्मक विधि अपनाइएको छ भने वर्णनात्मक र तुलनात्मक प्रक्रियाबाट सेमेस्टरको आन्तरिक मूल्याङ्कन प्रक्रियाप्रति शिक्षक तथा शिक्षार्थीको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । यस लेखमा शीर्षकमा भनिएको सरोकारवाला शब्दले त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र स्नातकोत्तर तहमा अध्ययनरत शिक्षार्थी तथा उक्त तहमा अध्यापनरत शिक्षकलाई मात्र जनाएको छ । प्रस्तुत अध्ययनमा काठमाडौँ उपत्यकाभित्रका शिक्षाशास्त्रअर्न्तगत स्नातकोत्तर तह सञ्चालन भएका त्रि.वि.का आङ्गिक क्याम्पस विश्वविद्यालय क्याम्पस, महेन्द्ररत्न क्याम्पस तथा सानोठिमी क्याम्पसका सम्बन्धित विषयका शिक्षक तथा शिक्षार्थीमध्ये २५ जना शिक्षक र २०७५/०७६ मा उक्त तहको दोस्रो, तेस्रो तथा चौथो समेस्टरमा अध्ययनरत १०० जना शिक्षार्थी नै नमुना जनसङ्ख्या रहेका छन् ।

प्रस्तुत अध्ययनमा निर्दिष्ट २५ जना शिक्षक एवम् १०० शिक्षार्थीबाट प्राप्त प्रतिक्रिया प्राथमिक स्रोतका रूपमा रहेका छन् भने विविध सैद्धान्तिक ग्रन्थ, सम्बन्धित अनुसन्धान प्रतिवेदन एवम् विशेषज्ञका सुझावहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् ।

प्रस्तुत अध्ययनमा शिक्षक तथा शिक्षार्थीको अभिमत पहिचान गर्नका लागि आन्तरिक मूल्याङ्कनसँग सम्बन्धित मतावली बनाइएको छ । शिक्षकका र शिक्षार्थीका लागि एउटै प्रकृतिका कथन तयार पारी उक्त उक्त कथनमा अभिमत लिइएको छ । प्रस्तुत अध्ययनमा विश्वसनीयता तथा वैधतासम्बन्धी कथन तयार गरी शिक्षक तथा शिक्षार्थीबाट अभिमत लिइएको छ । कथनसँग सहमत वा असहम जनाउने पाँच ओटा विकल्पन दिइएको छ । विकल्पनमध्ये कुनै एउटामा रेजा लगाउने प्रबन्ध गरिएको छ । उक्त विकल्पनमध्ये पूर्ण सहमत, सहमत, अनिर्णित, असहमत तथा पूर्ण असहमत रहेका छन् ।

सेमेस्टरको आन्तरिक मूल्याङ्कनका विविध प्रक्रिया, प्रविधि, परिणाम एवम् प्रभावसम्बन्धी शिक्षक तथा शिक्षार्थीका अभिमत लिनका लागि विभिन्न प्रकृतिका कथन तयार पारी मत सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्ययनमा शिक्षार्थी तथा शिक्षकहरूबाट अभिमतमार्फत लिइएका दृष्किोणहरूलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा मूलतः विश्लेषणात्मक विधि अपनाइएको छ भने वर्णनात्मक र तुलनात्मक प्रक्रियाबाट सेमेस्टरको आन्तरिक मूल्याङ्कनको विश्वसनीयता तथा वैधताप्रति शिक्षक तथा शिक्षार्थीको दृष्टिकोण प्रस्तुत गरिएको छ । अभिमतको अलगअलग र तुलनात्मक विश्लेषण गरिएको छ ।

साङ्ख्यिकीय विश्लेषण गरी वृत्तचित्र एवम् स्तम्भचित्रमार्फत शिक्षक तथा शिक्षार्थीका दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । विश्लेषण गर्दा मूलतः सकारात्मक र नकारात्मक धारणाका रूपमा प्रस्ट्याइएको छ । पूर्ण सहमत र सहमतलाई सकारात्मक ठानी विश्लेषण गरिएको छ । असहमत र पूर्ण असहमतलाई नकारात्मक पक्षमा विश्लेषण गरिएको छ भने अनिर्णितलाई तटस्थ मानिएको छ ।

प्रतिशताङ्कलाई प्राधान्य दिइएको यस लेखमा तथ्याङ्क विश्लेषण गर्दा ५० प्रतिशतभन्दा कम सकारात्मक अभिमत प्राप्त कथनमा नराम्रो वा कमजोर स्तरको प्रतिक्रिया मानिएको छ । ५० देखि ६९ प्रतिशतसम्म सकारात्मक अभिमत रहेका सूचकमा मध्यम वा ठिकै ठानिएको छ । ७० देखि ७९ प्रतिशत सकारात्मक अभिमत देखिएका कथन सन्तोषजनक मानिएको छ भने ८० देखि ८९ सम्मको सकारात्ममक अभिमतलाई उत्तम वा राम्रो ठहर्याइएको छ । त्यस्तै ९० प्रतिशतभन्दा माथि सकारात्मक अभिमत प्राप्त भएका कथनको विश्लेषणमा अत्यन्त राम्रो वा उत्कृष्ट स्तरको संज्ञा दिई तदनुरूप विश्लेषण गर्दै अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## मूल्याङ्कनमा विश्वसनीयता र वैधता

शैक्षणिक जगत्मा कार्यान्वयनमा आएका सबै मूल्याङ्कनमा विश्वसनीयता तथा वैधतालाई प्रमुख गुण मानिन्छ । सबै परीक्षण या मूल्याङ्कनमा विश्वसनीय नतिजा अनिवार्य नै हुन्छ । विद्यार्थीले प्राप्त गरेको अङ्कले उसको वास्तविक क्षमताको प्रतिविम्बन गर्न सक्नुपर्दछ । यसका लागि पटकपटकको परीक्षणमा समान अङ्क प्राप्त हुन सकेको खण्डमा विद्यार्थीले प्राप्त गरेको अङ्क स्वीकार्य हुन्छ । कुनै पनि मूल्य वा मान्यता नतिजा वा व्यवहारमा यदि स्थायित्व भएमा, मेल खाएमा, शुद्ध भएमा विश्वास गर्न सकिने हुन्छ । त्यस्तो किसिमको विषयवस्तु वा गुण भएमा विश्वसनीयता रहेको मानिन्छ । तसर्थ प्राप्ताङ्क स्वीकार गर्न सकिने अवस्था आउनु भनेको परीक्षणमा विश्वसनीयता रहनु हो भन्न सकिन्छ । एउटै प्रकृतिका पटकपटक भएका परीक्षणबाट प्राप्त भएको अङ्क त झनै समान वा उस्तै हुनुपर्दछ । यसो भएमा मात्र परीक्षण विश्वसनीय हुन्छ । कुनै परीक्षण साधनको एउटै गुणलाई पटकपटक मापन गर्दा समान नतिजा प्रदान गर्दछ भने मापनको साधनमा हुने त्यस गुणलाई विश्वसनीयता भनिन्छ (खनाल र अधिकारी, २०६८, पृ. १५०) । परीक्षण विश्वसनीय भएको खण्डमा

विद्यार्थीको उपलब्धि विश्वसनीय हुन्छ । त्यस्तै, उपलब्धिको विश्वसनीयतासँगै शैक्षणिक क्षेत्रका विविध घटकहरूको उपयोग, सान्दर्भिकताको पनि विश्वसनीयता पुष्टि हुने अवस्था सिर्जना हुने भएकाले विश्वसनीयतालाई मूल्याङ्कनको महत्त्वपूर्ण गुण पनि मानिन्छ ।

यदि परीक्षणको कुनै साधनले समान किसिमको वातावरणमा कुनै व्यक्ति वा समूहको सिकाइ उपलब्धिलाई बारम्बार मापन गर्दा शुद्ध र स्थिर नतिजा दिन सक्छ भने त्यस साधनलाई विश्वसनीय मानिन्छ (निउरे, २०७०, पृ. १९४) । सेमेस्टर प्रणालीमा परीक्षण वा मूल्याङ्कनका विविध पक्षको व्यवस्था गरिएको हुन्छ । विभिन्न उपकरणको उपयोगका लागि पाठ्यांशले नै निर्देश गरेको हुन्छ । निर्देशित सबै किसिमका उपकरण प्रयोगमा ल्याउनुपर्ने पहिलो सर्त हो भने विभिन्न उपकरणका माध्यमबाट प्राप्त भएको अङ्क समान किसिमको हुनुपर्दछ । अझ एउटै प्रकृतिका पटक पटक भएका परीक्षणबाट प्राप्त भएको अङ्क त झनै समान वा उस्तै हुनुपर्दछ । यसो भएमा मात्र परीक्षण विश्वसनीय हुन्छ । त्यस्तै, उपलब्धिको विश्वसनीयतासँगै शैक्षणिक क्षेत्रका विविध घटकहरूको उपयोग, सान्दर्भिकताको पनि विश्वसनीयता पुष्टि हुने अवस्था सिर्जना हुने भएकाले विश्वसनीयतालाई मूल्याङ्कनको महत्त्वपूर्ण गुण पनि मानिन्छ ।

वैधता परीक्षणको अनिवार्य गुण हो । जुन उद्देश्यले परीक्षणको साधन निर्माण गरिएको हो, उक्त साधनबाट त्यही उद्देश्य प्राप्त हुन्छ भने त्यस साधनलाई वैध मानिन्छ (निउरे, २०७०, पृ. २११) । परीक्षण वा मूल्याङ्कन गर्दा निर्धारित पाठ्यांशअन्तर्गतका सबैजसो पाठ एवम् सिकाइ अनुवभवका प्रतिनिधिमूलक प्रश्नका माध्यममबाट तथा ज्ञान, सिप एवम् व्यवहारको पहिचान, मापन, र विश्लेषण गर्न सक्ने विशेषता वा गुण नै वैधता हो । जुन उद्देश्य मापनका लागि परीक्षण निर्माण गरिएको हो, परीक्षणले त्यही उद्देश्यअनुसारका गुणहरू मापन गर्न सक्यो भने परीक्षणमा हुने त्यस विशेषतालाई वैधता भनिन्छ (खनाल र अधिकारी, २०६८, पृ. १५८) । कुनै पनि परीक्षण वा मूल्याङ्कनमा एक किसिमको वैधता भएर मात्र पुग्दैन, असल परीक्षणका निम्ति अधिकांश वैधता अनिवार्य नै हुन्छन् ।


शैक्षणिक परीक्षण तथा मूल्याङ्कनमा वैधतालाई अनिवार्य अङ्ग मानिन्छ । शैक्षणिक मूल्याङकनमा पाठ्यांशले निर्धारण गरेका पाठ्यवस्तु, ज्ञान एवम् सिकाइ अनुवभवको परीक्षण गर्नुपर्ने हुन्छ । निर्दिष्ट क्षेत्रका प्रतिनिधिमूलक प्रश्नका माध्यममबाट शिक्षार्थीले प्राप्त गरेका ज्ञान, सिप एवम् व्यवहारको पहिचान, मापन र विश्लेषण गर्न सक्ने गुणलाई नै वैधता मानिन्छ । त्यस्तै, विद्यार्थीका तात्कालिक क्षमता, पूर्ववर्ती क्षमता, पश्चवर्ती क्षमता एवम् रचनात्मक कौशलको पहिचान, विश्लेषण एवम् पूर्वानुमान गर्नसक्नु पनि वैधता नै हो । त्यसैले शैक्षणिक सन्दर्भमा सबै किसिमका मापन तथा मूल्याङ्कनमा वैधतालाई अनिवार्य विशेषता मानिएको छ ।

## परिणाम तथा विश्लेषण

### आन्तरिक मूल्याङ्कनमा विश्वसनीयता

प्रस्तुत अध्ययनमा सेमेस्टर प्रणालीमा उपयोग गरिएको आन्तरिक मूल्याङ्कनको विश्वसनीयता सम्बन्धमा अभिमत लिइएको छ । 'आन्तरिक मूल्याङ्कनबाट प्राप्त भएको अङ्क विश्वसनीय छ' भन्ने कथन निर्माण गरी शिक्षकहरूको प्रतिक्रिया लिइएको छ । आन्तरिक मूल्याङ्कनबाट विद्यार्थीले प्राप्त गरेको अङ्क कमै मात्र विश्वसनीय रहेको प्रतिक्रिया शिक्षकबाट प्राप्त भएको छ । जम्मा ४८ प्रतिशत सकारात्मक देखिन्छन् भने ५२ प्रतिशत सकारात्मक छैनन् । प्राप्ताङ्कको विश्वसनीयतासम्बन्धी मतलाई वृत्तचित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**चित्र नं. : १**





माथिको वृत्तचित्रमा शिक्षकहरूबाट प्राप्त भएको विश्वसनीयतासम्बन्धी अभिमत प्रस्तुत भएको छ । यहाँ ४ प्रतिशतले यससम्बन्धी कथनमा पूर्ण सहमति जनाएका छन् भने ४४ प्रतिशत शिक्षकहरूले कथनप्रति सहमति व्यक्ति गरेका छन् । त्यसैगरी १२ प्रतिशत शिक्षक अनिर्णित छन् त ३२ प्रतिशत शिक्षकबाट अङ्कको विश्वसनीयतामा असहमति प्रकट गरिएको छ । अझ ८ प्रतिशत शिक्षकहरू त पूर्ण असहमत छन् । यो अभिमतले विश्वनीयताको स्तर नराम्रो वा कमजोर रहेको प्रमाणित गर्दछ । जबकि उक्त विद्यार्थीलाई अङ्क दिने काम स्वयम् शिक्षकहरूको नै हो । यसबाट सिद्ध हुन्छ कि शिक्षक आफैले विद्यार्थीको क्षमता आँकलन गरी उपलब्ध गराएको अङ्कप्रति नै विश्वास गर्दैनन् । यसले आन्तरिक मूल्याङ्कनका माध्यमबाट प्राप्त भएको वा प्रदान गरिएको अङ्कमा गम्भीर प्रश्न

उठाएको छ । साथै शिक्षक आफैले प्रदान गरेको अङ्कमै अविश्वास पैदा हुने अवस्था सिर्जना हुनुको कारण वा प्रभावक स्रोतको अनिवार्य पहिचान गर्नुपर्ने स्थितिको सङ्केत गरेको छ ।

आन्तरिक मूल्याङ्कनमा शिक्षार्थीले प्राप्त गरेको अङ्कमा स्वयम् शिक्षार्थीहरू नै विश्वस्त हुन नसकेको अभिमत प्राप्त भएको छ । जम्मा ४२ प्रतिशत सकारात्मक देखिन्छन् भने ५८ प्रतिशत सकारात्मक छैनन् । प्राप्ताङ्कको विश्वसनीयतासम्बन्धी मतलाई स्तम्भचित्रमा निम्नानुसार देखाउन सकिन्छ :


**चित्र नं. : २**




माथिको स्तम्भचित्रमा शिक्षार्थीहरूबाट प्राप्त भएको मत प्रस्तुत गरिएको छ । यहाँ १६ प्रतिशतले यससम्बन्धी कथनमा पूर्ण सहमति जनाएका छन् भने २६ प्रतिशत शिक्षार्थीहरूले कथनप्रति सहमति जनाएका छन् । यसरी सकारात्मक अभिमत जम्मा ४२ प्रतिशत शिक्षार्थीबाट प्राप्त भएको छ । त्यसैले यस आँकडाका आधारमा विश्वसनीयताको स्तर नराम्रो रहेको पुष्टि हुन्छ । त्यसैगरी १३ प्रतिशत शिक्षार्थी अनिर्णित छन् त ३३ प्रतिशत शिक्षार्थीबाट अङ्कको विश्वसनीयतामा असहमति प्रकट गरिएको छ । अझ १२ प्रतिशत शिक्षार्थीहरू त पूर्ण असहमत छन् । यसले आन्तरिक मूल्याङ्कनका माध्यमबाट प्राप्त भएको अङ्कमा गम्भीर प्रश्न उब्जिएको छ । साथै शिक्षार्थीले प्राप्त गरेको अङ्कमा अविश्वास पैदा भएका कारण विश्वसनीयतका प्रभावक स्रोतको पहिचान गरी आन्तरिक मूल्याङ्कनलाई विश्वसनीय बनाउनुपर्ने देखिन्छ ।

आन्तरिक मूल्याङ्कनबाट विद्यार्थीले प्राप्त गरेको अङ्क कमै मात्र विश्वसनीय रहेको अभिमत प्राप्त भएको छ । तुलनात्मक हिसाबले जम्मा ४८ प्रतिशत शिक्षक तथा ४२ शिक्षार्थी सकारात्मक देखिएका छन् भने अरू सकारात्मकछैनन् । प्राप्ताङ्कको विश्वसनीयतासम्बन्धी मतलाई स्तम्भचित्रमा निम्नानुसार देखाइएको छ :

**चित्र नं. : ३**





माथिको स्तम्भचित्रमा शिक्षकहरूबाट प्राप्त भएको विश्वसनीयतासम्बन्धी अभिमत प्रस्तुत भएको छ । ४ प्रतिशत शिक्षक र १६ प्रतिशत शिक्षार्थीले यससम्बन्धी कथनमा पूर्ण सहमति जनाएका छन् भने ४४ प्रतिशत शिक्षक एवम् २६ प्रतिशत शिक्षार्थीहरूले उक्त कथनप्रति सहमति व्यक्त गरेका छन् । त्यसैगरी १२ प्रतिशत शिक्षक र १३ प्रतिशत शिक्षार्थी अनिर्णित छन् । ३२ प्रतिशत शिक्षक र ३३ प्रतिशत शिक्षार्थीबाट अङ्कको विश्वसनीयतामा असहमति प्रकट गरिएको छ । अझ ८ प्रतिशत शिक्षक र १२ प्रतिशत शिक्षार्थीहरू त पूर्ण असहमत छन् । शिक्षार्थी तथा शिक्षकको समान प्रकृतिको अभिमत देखिन्छ । ६ प्रतिशत शिक्षार्थीले शिक्षकभन्दा पनि कम मात्रामा सकारात्मक प्रतिक्रिया जनाएको पाइयो । विद्यार्थी असहमत हुनु त ठिकै होला तर उक्त विद्यार्थीलाई अङ्क दिने काम शिक्षकहरूले आफैँले परीक्षण एवम् मूल्याङ्कनबाट उपलब्ध गराएको अङ्कप्रति नै विश्वास गर्दैनन् । यो अत्यन्त सोचनीय सवाल हो । यसबाट आन्तरिक मूल्याङ्कनमा प्राप्त भएको वा प्रदान गरिएको अङ्कमा गम्भीर प्रश्न सिर्जना भएको छ । शिक्षार्थी पनि असन्तुष्ट देखिनु र शिक्षक आफैँले प्रदान गरेको अङ्कमै अविश्वास प्रस्तुत गर्नुले आन्तरिक मूल्याङ्कनप्रति विश्वसनीयता नरहेको प्रमाणित हुन्छ ।

यसले यस्तो अवस्था पैदा हुनुको कारण वा प्रभावक स्रोतको अनिवार्य रूपमा पहिचान गरी अबिलम्ब समाधान गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।

## आन्तरिक मूल्याङ्कनमा वैधता

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको स्नातकोत्तर तहमा सञ्चालित सेमेस्टर प्रणालीमा आधारित आन्तरिक मूल्याङ्कनमा पनि सबै किसिमका वैधताको अपेक्षा गरिएको छ । प्रस्तुत अध्ययनमा ' आन्तरिक मूल्याङ्कन प्रक्रियाका उकरणमा सबै किसिमका वैधता रहेका छन्' भन्ने कथन निर्माण गरी मत सर्वेक्षण गरिएको थियो । यहाँ आन्तरिक मूल्याङ्कन प्रक्रियाका उपकरण भन्नाले परियोजना कार्य, प्रस्तुतीकरण, आन्तरिक परीक्षा जस्ता पक्षलाई सङ्केत गरी अभिमत लिइएको थियो । यस सूचकमा प्राप्त भएको शिक्षकहरूको अभिमतबाट आन्तरिक मूल्याङ्कन प्रक्रियामा अपनाएका उपकरणमा वैधता सुनिश्चित हुन नसकेको स्पष्ट हुन्छ । यस सूचकमा प्राप्त प्रतिक्रिया विश्लेषण गर्दा परीक्षणमा वैधताको स्थिति अत्यन्त कमजोर रहेको देखिन्छ । जम्मा ३६ प्रतिशत मत सकारात्मक हुनु र ६४ प्रतिशत सकारात्मक देखिन नसक्नुले वैधता कमजोर रहेको प्रमाणित गर्दछ । उक्त आँकडालाई तलको वृत्तचित्रमार्फत प्रस्ट्याउन सकिन्छ :


चित्र नं. : ४



माथिको वृत्तचित्रमा वैधतामा सम्बन्धमा लिइएको शिक्षकहरूको अभिमत प्रस्तुत गरिएको छ । उक्त कथनमा ३६ प्रतिशत शिक्षकले परीक्षणका उपकरणमा वैधता रहेको जनाएका छन् । १२ प्रतिशत शिक्षकले निर्णायक मत दिन चाहेका छैनन् भने ४० प्रतिशत शिक्षक असहमत छन् । १२ प्रतिशत शिक्षक त वैधताका सवालमा निर्माण गरिएको कथनप्रति पूर्ण असमत देखिन्छन् । आधाभन्दा बढी अर्थात् ५२ प्रतिशत शिक्षक यस सवालमा असहमत हुनु र १२ प्रतिशतले तटस्थ मत दिनुले वैधतामा निकै समस्या रहेको प्रस्ट हुन्छ । यसरी जम्मा ६४ प्रतिशत शिक्षक आन्तरिक मूल्याङ्कनका उपकरणमा वैधता छ भनेर स्वीकार गर्न नसक्नुले आन्तरिक मूल्याङ्कनको वैधतामा नै ठूलो प्रश्न खडा गरेको पुष्टि हुन्छ । शिक्षकहरूको शिक्षक आफैँ प्रत्यक्षतः निर्माण गरी सञ्चालनमा ल्याएका वा उपयोग गरेका उपकरणमा नै वैधता कायम हुन नसकेको जनाउनुबाट आन्तरिक मूल्याङ्कन प्रक्रियाका उपकरण निर्माण र सञ्चालन प्रक्रियाका सम्बन्धमा सरोकारवालाहरूबिच गहन परामर्श गरी परिष्कार गर्नु आवश्यक देखिन्छ । त्यस्तै वैधता कायम हुन नसकेका कारणको खोजी गर्दै शिक्षकहरूलाई तत्सम्बन्धी पक्षमा सुसूचित गर्नुपर्ने देखिन्छ ।

यस सूचकमा प्राप्त भएको शिक्षार्थीहरूको प्रतिक्रियाले पनि आन्तरिक मूल्याङ्कन प्रक्रियामा वैधता सुनिश्चित हुन नसकेको प्रस्ट पार्दछ । यस सूचकमा प्राप्त प्रतिक्रिया विश्लेषण गर्दा परीक्षणमा वैधताको स्थिति कमजोर रहेको देखिन्छ । जम्मा ३८ प्रतिशत मत सकारात्मक हुनु र ६२ प्रतिशत सकारात्मक देखिन नसक्नुले वैधता अत्यन्त कमजोर रहेको प्रमाणित गर्दछ । उक्त आँकडालाई तलको स्तम्भचित्रमार्फत प्रस्ट्याउन सकिन्छ :


**चित्र नं. : ५**



माथिको स्तम्भचित्रमा वैधतामा सम्बन्धमा लिइएको शिक्षार्थीहरूको अभिमत प्रस्तुत गरिएको छ । उक्त कथनमा ३८ प्रतिशत शिक्षार्थीले परीक्षणमा वैधता रहेको जनाएका छन् । २९ प्रतिशत शिक्षार्थीले निर्णायक मत दिन चाहेका छैनन् भने ३० प्रतिशत शिक्षार्थी असहमत छन् । ३ प्रतिशत शिक्षार्थी त वैधताका सवालमा पूर्ण असमत देखिन्छन् । जम्मा ६२ प्रतिशत शिक्षार्थी आन्तरिक मूल्याङ्कनका उपकरणमा वैधता छ भनेर स्वीकार गर्न नसक्नु वा सकारात्मक नहुनुले आन्तरिक मूल्याङ्कनको वैधतामा ठूलो प्रश्न खडा गरेको देखिन्छ । यसबाट आन्तरिक मूल्याङ्कन प्रक्रियाका सन्दर्भमा सरोकारवालाहरूबिच गहन परामर्श गरी वैध परीक्षणतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ ।

यस सूचकमा प्राप्त प्रतिक्रियाको तुलनात्मक विश्लेषण हेर्दा परीक्षणमा वैधताको स्थिति अत्यन्त कमजोर रहेको स्पष्ट हुन्छ । जम्मा ३६ प्रतिशत शिक्षक तथा ३८ प्रतिशत शिक्षार्थी सकारात्मक हुनु र ६४ प्रतिशत शिक्षक एवम् ६२ प्रतिशत शिक्षार्थी सकारात्मक देखिन नसक्नुले वैधता अत्यन्त कमजोर रहेको प्रमाणित गर्दछ । यस सवालमा प्राप्त आँकडालाई तलको स्तम्भचित्रमार्फत प्रस्ट्याउन सकिन्छ :

**चित्र नं. : ६**




उपर्युक्त स्तम्भचित्रमा वैधतामा सम्बन्धमा लिइएको शिक्षकहरूको अभिमत प्रस्तुत गरिएको छ । उक्त कथनमा ४ प्रतिशत शिक्षार्थी पूर्ण सहमत छन् भने कुनै पनि शिक्षकले पूर्ण सहमति जनाएका छैनन् ।

३४ प्रतिशत शिक्षार्थी तथा ३६ प्रतिशत शिक्षकले परीक्षणका उपकरणमा वैधता सम्बन्धमा सहमति जनाएका छन् । यसरी क्रमशः ३८ र ३६ प्रतिशत मात्र सकारात्मक छन् । १२ प्रतिशत शिक्षक र २९ प्रतिशत शिक्षार्थीले निर्णायक मत दिन चाहेका छैनन् । ४० प्रतिशत शिक्षक र ३० प्रतिशत शिक्षार्थी असहमत छन् । अझ १२ प्रतिशत शिक्षक र ३ प्रतिशत शिक्षार्थी त वैधताका सवालमा निर्माण गरिएको कथनप्रति पूर्ण असमत देखिन्छन् । ५२ प्रतिशत र ३३ प्रतिशत शिक्षार्थी यस सवालमा असहमत एवम् १२ प्रतिशत शिक्षक र २९ प्रतिशत शिक्षार्थीले तटस्थ मत दिएका कारण आन्तरिक मूल्याङ्कनमा वैधतामा निकै समस्या रहेको पुष्टि हुन्छ । यसरी जम्मा ६४ प्रतिशत शिक्षक र ६२ प्रतिशत शिक्षार्थी आन्तरिक मूल्याङ्कनका उपकरणमा वैधता छ भनेर स्वीकार गर्न नसक्नुले आन्तरिक मूल्याङ्कनको वैधतामा नै ठूलो प्रश्न खडा गरेको छ । आश्चर्यजनक त यो छ कि शिक्षकहरूले आफैँ प्रत्यक्षतः निर्माण गरी उपयोग गरेका परीक्षणका उपकरणमा नै वैधता कायम हुन नसकेको जनाउनु निकै संवेदनशील विषय हो । आन्तरिक मूल्याङ्कन प्रक्रियाका उपकरण निर्माण र सञ्चालन प्रक्रियाका सम्बन्धमा सरोकारवालाहरूबिच गहन परामर्श गरी परिष्कार गर्नु अनिवार्य देखिन्छ ।

## निचोड

आन्तरिक मूल्याङ्कनबाट प्राप्त भएको अङ्क विश्वसनीय छ भन्ने कथनमा ४२ प्रतिशत शिक्षार्थी र ४८ प्रतिशत शिक्षक मात्र सकारात्मक देखिएकाले सन्तुष्टिको स्तर कमजोर रहेको पाइयो । आन्तरिक मूल्याङ्कन प्रक्रियाका उकरणमा सबै किसिमका वैधता रहेका छन् भन्ने कथनमा ३८ प्रतिशत शिक्षार्थी र ३६ प्रतिशत शिक्षक मात्र सकारात्मक देखिएकाले यस सूचका दुवैवर्गको सन्तुष्टिको स्तर अत्यन्त कमजोर रहेको देखिन्छ । अझ, शिक्षक आफैँ प्रत्यक्षतः संलग्न हुने क्षेत्रमा परीक्षणको विश्वसनीयता एवम् परीक्षणमा वैधताका सवालमा शिक्षक नै नकारात्मक रहेको पाइयो । यसले आन्तरिक मूल्याङ्कनका सन्दर्भमा पेसागत असंवेदनशीलता तथा प्रक्रियागत जटिलता रहेको प्रस्ट पार्दछ ।

## सुझाव

प्रस्तुत अध्ययनबाट आन्तरिक मूल्याङ्कनको विश्वसनीयता तथा वैधताका सन्दर्भमा शिक्षार्थी र शिक्षकको समानान्तर खालको अभिमत प्राप्त भएको छ । असल परीक्षणका अनिवार्य मानिने विशेषता वा गुण विश्वसनीयता तथा वैधतामा शिक्षार्थी तथा शिक्षक दुवै वर्गबाट अत्यन्त कमजोर अभिमत प्राप्त भएको छ । अध्ययनबाट प्राप्त अभिमतका आधारमा केही सुधारात्मक सुझाव प्रस्तुत गरिएको छ । आन्तरिक मूल्याङ्कनबाट प्राप्त भएको अङ्कको विश्वसनीयता निकै कमजोर देखिएको छ । अङ्कन वा परीक्षण गर्ने स्वयम् शिक्षकहरूबाट नै आफैले प्रदान गरेको अङ्क वा प्रक्रियाप्रति नै अविश्वास देखिने खालको अभिमत प्राप्त भएकाले शिक्षक बढी जिम्मेवार र सचेत बन्नुपर्ने देखिन्छ । यदि प्रशासनिक वा अन्य कुनै प्रभावबाट अङ्कनमा विश्वसनीयता कायम हुन बाधा पैदा भएको

भए त्यस्ता प्रभावको न्युनीकरणका लागि पनि शिक्षक नै बढी संवेदनशील बन्नुको विकल्प छैन । आन्तरिक मूल्याङ्कन प्रक्रियाका उकरणका वैधताका सवालमा पनि दुवै वर्गको प्रतिक्रिया अत्यन्त कमजोर रहेको देखिन्छ । वैधता कायम गर्न पनि शिक्षकहरू नै बढी संवेदनशील बन्नुपर्ने देखिन्छ ।

## सन्दर्भसूची


अलि, जे.जी. (सन् १९९६), *वेब्स्टर्स डिक्नरी,* युएसए : ओटेन्हेइमर पब्लिसर्स ।

खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६८), *पाठ्यक्रम तथा मूल्याङ्कन*, काठमाडौं : सनलाइट पब्लिकेसन ।

चोङबङ्ग, के.बि. (सन् २०१४) कम्पारेटिभ स्टडी अफ् सेमेस्टर सिस्टम एन्ड एनुअल सिस्टम अफ फ्याकल्टी

अफ एजुकेसन, त्रि.वि. शिक्षाशास्त्र डीन कार्यालयमा प्रस्तुत लघु अनुसनधान प्रतिवेदन ।

खनिया, तीर्थराज (सन् २०१३), *इक्जामिनेसन फर इन्ह्यान्सड लर्निङ*, एजुकेसनल एन्ड डिभ्लप्मेन्टल सर्भिस सेन्टर ।

त्रिपाठी, सुधा र अन्य (सन् २०१८), *टियु बुलेटिन स्पेसल*, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

निउरे, ध्रुवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन*, काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

पाठक, आर.पि. (सन् २०१२), *मिजरमेन्ट एन्ड इभालुएसन इन एजुकेसन*, दिल्ली : पियर्सन ।

पौडेल, लालु (२०७४), 'सेमेस्टर प्रणाली : समस्या र सुधारका उपाय' प्रगतिशील प्राध्यापक सङ्गठनद्वारा कीर्तिपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्र ।

फल्चर, जि. एन्ड डेभिड्सन, एफ.(सन् २०११), *ल्याङ्ग्वेज टेस्टिङ एन्ड एसेस्मेन्ट*, लन्डन : रट्लेज ।

मजुम्दर, मम्ताज (सन् २०१०), 'इन्ट्रडक्सन अफ सेमेस्टर सिस्टम इन इन्डियन कलेज', आसाम युनिभर्सिटी : सेमिनार पेपर ।

युसफ, ए. एन्ड हसिम, एम. (सन् २०१२) अ केस स्टडी अफ एनुअल एन्ड सेमेस्टर सिस्टम अफ इक्जामिनेसन अन गभर्मेन्ट कलेज अफ म्यानेजमेन्ट साइन्स, इन्टरनेसनल जर्नल अफ एकेडेमिक रिसर्च इन बिज्नेस एन्ड सोसल साइन्स, भोल. २ (पृ. ५३–७३) ।

रेनल्ड्स, सि.आर. एन्ड अदर्स (सन् २०१८), *मिजरमेन्ट एन्ड एसेस्मेन्ट इन एजुकेसन,* इन्डिया : पियर्सन ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५), *अनुसन्धान विधि*, कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

ल्याडो, रबर्ट (सन् १९६५), *ल्याङ्ग्वेज टेस्टिङ*, लन्डन : लङमेन्स ।

वेर, सि.जे. (?), *कम्युनिकेटिभ ल्याङ्ग्वेज टेस्टिङ....*(?).।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शिक्षाशास्त्र सङ्काय (२०७२), *नेपाली शिक्षा पाठ्यक्रम*, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

हिटन, जे.बि. (?) राइटिङ इङ्लिस ल्याङ्ग्वेज टेस्टस्, इङ्लिस ल्याङ्ग्वेज बुक सोसाइटी, लङमेन्स ।